०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेल: daoramechhap@moha.gov.np
daoramechhap@gmail.com

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मन्थली, रामेछाप

पत्र संख्याः- ०८३/८४
चलानी नं.:-

## शुभकामना एवं अत्यन्त जरूरी सूचना!

नेपालीहरुको महान चाडपर्वहरु दशै, तिहार, नेपाल संवत एवं छठको अवसरमा सम्पूर्ण रामेछाप जिल्लाबासी आमाबुबा, दिदीबहिनी, दाजुभाइहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। यी चाडपर्वहरुको अवसरमा गरिने धार्मिक, सामाजिक, सांस्कृतिक रीतिरिवाज परम्परा एवं गतिविधिहरु गर्दा धार्मिक, सामाजिक, सांस्कृतिक सद्भाव बढाउन साथै पर्वहरु मनाउँदा सामाजिक मूल्य मान्यता, अनुशासन र मर्यादालाई पालना गर्दै उत्ताउलो र भड्किलो नभई संयमता र शालिनतापूर्वक संस्कृतिको जगेर्ना गर्ने एवं सामाजिक सचेतना अभिवृद्धि गर्ने किसिमले मनाउनुहुन जिल्लावासी सबैलाई हार्दिक अनुरोध गर्दछौं।

चाडपर्वको समयमा बजारमा हुन सक्ने सम्भावित कालोबजारी, म्याद गुज्रेका सामानको विक्री वितरण, अवैध मदिराको विक्री वितरण, जुवातास खेल्ने/खेलाउने, चोरी-लुटपाट गर्ने, सार्वजनिक सवारी साधनहरुमा क्षमता भन्दा बढी यात्रुहरु बोक्ने, तोकिए भन्दा बढी भाडा अशुल्ने, अवैध रुपमा सञ्चालन भएका चिठ्ठा र अनलाईन सपिङमा सहभागी हुने तथा विद्युतीय माध्यमबाट हुने ठगी लगायतका अवैध क्रियाकलाप हुनसक्ने भएको हुँदा त्यस्ता गैरकानूनी क्रियाकलापहरु नगर्न/नगराउन तथा संलग्न नहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ। त्यस्ता गैरकानूनी क्रियाकलापहरु भए गरेको तथा संलग्न भएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने बेहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

............................
(राम बहादुर के.सी.)
निमित्त प्रमुख जिल्ला अधिकारी

मितिः- २०८३/०६/३०
ने.सं. ११४६ कौलाथ्व ६, शुक्रबार